Regd. No.: 392/047/048

# महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मिति : २०७४ साउन ३२

## प्रेस विज्ञप्ति

हिन्दूहरुको महान् चाड बडा दशैंको मुखमा देशैभरी एकपछि अर्को हुदै बढिरहेको महिला हिंसा तथा महिला अधिकारकर्मीमाथि भएको दुव्र्यवहार घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

सिराहा जिल्लाको धनगढीमाई नगरपालिका वडा नं. २ भवानीपुरकी एक हिंसा प्रभावित महिलालाई स्थानिय समुदायले गरेको दुर्व्यव्यहार तथा प्रभावितका दाजु भाउजुलाई, बहिनीलाई घर निकालाको लागि दबाब दिएको र घर निकाला नगरे उनीहरुलाई समाजबाट बहिष्कार गर्ने भनी दिएको धम्की प्रति ओरेक नेपाल काठमाण्डौ तथा महिला मानव अधिकार रक्षकहरुको राष्टिय संजाल काठमाण्डौको गम्भीर ध्यानाकर्षण भएको छ ।

यसै गरि यस घटनाको सत्य तथ्य अध्ययनका लागि स्थलगत अनुगमनमा २०७४ असोज ७ गते गएका सिराहाका मानव अधिकार तथा महिला मानव अधिकार रक्षकहरुको एक टोली माथि समेत बिभिन्न अपशब्द तथा दुर्व्यवहार गर्नुका साथै वहाँहरुले प्रयोग गर्नु भएको मोटर साइकल पन्चर गराई अनुगमन कार्यमा गरिएको अवरोध प्रति हामी घोर भर्त्सना गर्दछौं ।

सामाजिक रुपमा हिंसा प्रभावितलाई माया तथा सहयोग गर्नुको सट्टा पिडितलाई थप पिडा दिने घर निकाला गर्ने तथा सामजिक बहिष्कार गर्ने यस किसिमको अमानबिय कार्यको घोर बिरोध गर्दै पिडित महिला तिनका परिवार तथा अधिकारकर्मीहरु माथि भएको यस किसिमको दुर्व्यव्यहार बिरुद्ध पिडकलाई कार्वाही तथा पिडितको न्यायका लागि ध्यानाकर्षण गराउन चाहन्छौं ।

यता, सिराहामा एक श्रीमान्ले गर्भवती श्रीमतीलाई करेन्ट लगाई हत्या गरेका छन्, धनुषामा छिमेकी पुरुषले एक महिलालाई कुटेर हत्या गरि फरार भएका छन् । बुटवलमा एक महिला श्रीमान्बाट निर्घात पिटिएकी छन् जो अहिले अचेत अवस्थामा छिन् । बीरगंजमा अधिकारकर्मी महिला बोक्सीको आरोपमा कुटपिट भई हाल आइसियूमा उपचाररत छिन् । यी घटनाहरु यो हप्ता भित्र घटेका केहि प्रतिनिधि मूलक घटना हुन् जो सामाजिक संजालका माध्यमबाट बाहिर आएका छन् । आखिर कहिले सम्म यो अवस्था ? महिला माथि भएका यस्ता घटनाहरुलाई पारिवारिक तथा सामाजिक मामिला भन्ने पारिवार तथा समाज बिखण्डन हुन्छ भनी पटक पटक राज्यका जिम्मेवार निकायहरुबाट मिलापत्र गरि फर्काइने, बिभिन्न प्रभावमा परि बेवस्ता गरिरहने कारण पनि यस्ता घटनाहरु घट्ने क्रम बढ्दो अवस्थामा छ । यस्तै भइरहने हो भने देशमा अपराध नियन्त्रण गर्न बनेका बिभिन्न कानून, ऐन तथा नियमावलीको औचित्य के रहला ?

यसैले हामी मानव अधिकर, महिला अधिकारको क्षेत्रमा अभियानरत संस्था तथा संजालहरु हाम्रा देशका राज्य संचालकहरुसँग यस बिज्ञप्ती मार्फत महिलाको हिंसा मुक्त भई बाँच्न पाउने मानव अधिकारको संरक्षण, सम्बर्द्धन तथा सुनिश्चितताका लागि हार्दिक अनुरोध गर्दै यी घटनाहरुका पिडकलाई कानूनी कार्वाही तथा पिडितको न्याय प्राप्तिका लागि जोडदार माग गर्दछौं ।

अभिराम राय
कार्यक्रम निर्देशक